# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, पौष २२ गते, २०८० साल (अतिरिक्ताङ्क २५

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं. ६

आन्तरिक मामिला तथा ..., कोशी प्रदेश

# कोशी प्रदेश सामयिक राजश्व संकलन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८०

प्रस्तावनाः प्रदेशमा राजश्व संकलन गर्न अधिकार प्रदान गर्ने कानून निष्प्रभावी भएको अवस्थामा कानून बमोजिम नियमित राजश्व संकलन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"कोशी प्रदेश सामयिक राजश्व संकलन सम्बन्धी ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अघिल्लो दिन" भन्नाले सालबसाली आर्थिक ऐनको म्याद समाप्त हुने मिति भन्दा एक दिन अगाडी वा आर्थिक अध्यादेश निष्कृय वा खारेज भएको मिति भन्दा एक दिन अगाडी मध्ये जुन पछि आउँछ सोही दिनलाई सम्झनु पर्छ।

(ख) "राजश्व" भन्नाले प्रदेशको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश बमोजिम लगाइने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवाना सम्झनु पर्छ र सो शब्दले प्रदेशको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषय समेतलाई जनाउँछ।

(ग) "विशेष परिस्थिति" भन्नाले प्रदेशभित्र राजश्व संकलन गर्ने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशको अवधि समाप्त भई अर्को नयाँ सालबसाली आर्थिक ऐन प्रमाणिकरण भई राजपत्रमा प्रकाशन भई नसकेको वा आर्थिक अध्यादेश जारी हुन नसकेको समयावधिलाई सम्झनु पर्छ।

३. <u>यस ऐन बमोजिम राजश्व संकलन गर्ने अधिकार:</u> (१) प्रदेशमा विशेष परिस्थितिको समयमा राजश्व संकलन गर्न विशेष परिस्थिति सिर्जना हुनु भन्दा अघिल्लो दिन जुन दर कायम रहेको थियो सोही बमोजिम राजश्व संकलन गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राजश्व संकलन गर्न प्रदेश सरकारले कुनै आदेश जारी गर्न वा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने छैन।

(३) विशेष परिस्थितिमा राजश्व संकलन गरिएको दर भन्दा त्यसपछि जारी हुने सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा बढी दर कायम भएमा त्यस्तो ऐन वा अध्यादेश लागु भएको मितिदेखि मात्र बढी दरमा संकलन गर्नुपर्नेछ।

(४) प्रदेश सरकारको सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेशमा तोकिएको दर बमोजिम नै स्थानीय तहले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

संकलन गर्ने राजश्वको हकमा समेत उपदफा (१) बमोजिम गर्नुपर्नेछ।

४. **राजश्व संकलन गर्न सकिनेः** (१) विषेश परिस्थिति समाप्त भई सालबसाली आर्थिक ऐन वा आर्थिक अध्यादेश लागु भएमा सोही ऐन वा अध्यादेश बमोजिम राजश्व संकलन गर्नु पर्नेछ।

५. **सूचित आदेश जारी गर्न सकिनेः** (१) प्रदेश सरकारले जनहितका लागि कुनै कर तुरुन्त लगाउन वा बढाउन आवश्यक देखेमा आफ्नो क्षेत्राधिकार भित्र पर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, प्राकृतिक स्रोत शुल्क, सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानाका सम्बन्धमा सूचित आदेशद्वारा कर लगाउन वा बढाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचित आदेशद्वारा लगाइएको कर प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

(३) सूचित आदेश जारी गर्ने सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सूचित आदेशको असर र अवधिः** सूचित आदेशमा भएको व्यवस्था ऐन बनि लागु नभएमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खारेज नगरेमा सूचित आदेश जारी भएको छ महिना पछि स्वतः निष्कृय हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

७. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

८. <u>बाधा अड्काउ फुकाउने:</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

९. <u>यस ऐन बमोजिम हुने:</u> राजश्व संकलन, नियमन र बाँडफाड गर्ने सम्बन्धमा यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>बचाउ:</u> यो ऐन जारी हुनु अघि विशेष परिस्थिति सिर्जना भई सो समयमा राजश्व संकलन सम्बन्धी भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः- २०८०/०९/२२

आज्ञाले,
लक्ष्मी प्रसाद पौडेल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश